# नेपाल सरकार

## महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

## प्रेस विज्ञप्ती

मिति २०७६ साल माघ १ गते नेपाल सरकार महिला, बालिबालिका तथा ज्येष्ठ नागरिक मन्त्री माननीय पार्वत गुरुङको अध्यक्षतामा प्रदेश सरकारका सामाजिक विकासमन्त्रीहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री गुरुङको पहलमा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा सबै जिल्लामा सामाजिक विकास सम्बन्धि कार्यको लागि आवश्यक संरचना र संयन्त्र निर्माण गरी संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच घनिभूत सहकार्य गरी सामाजिक क्षेत्रको कामलाई पनि राष्ट्रिय गौरवको कार्यक्रमको रुपमा विकास गर्ने निष्कर्ष निकालिएको छ । अन्तरक्रिया कार्यक्रममा महिला, बालबालिका, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिकको हितमा प्रदेश र स्थानीय सरकारले अघि सारेका असल अभ्यासहरुलाई एक आपसमा सहकार्य र समन्वय गरी अझै प्रभावकारी बनाउने, नीति र कार्यक्रमहरुमा समान धारणा बनाई त्यसको कार्यान्वयनको काममा केन्द्रित हुने सहमति पनि गरिएको छ । कार्यक्रममा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री गुरुङले 'समृद्ध नेपालः सुःखी नेपाली' को राष्ट्रिय संकल्प पूरा हुने गरी एउटै नीति र कार्यक्रमका साथ अघि बढन प्रदेश र स्थानीय सरकारलाई आह्वान गर्नु भएको थियो ।



अन्तरक्रिया कार्यक्रममा प्रदेश १ का सामाजिक विकास मन्त्री माननीय जीवन घिमिरे, प्रदेश २ का सामाजिक विकासमन्त्री माननीय नवलकिशोर साह, गण्डकी प्रदेशका सामाजिक विकास मन्त्री माननीय नरदेवी पुन, प्रदेश ५ का सामाजिक विकासमन्त्री सुर्दशन बराल र कर्णाली प्रदेशका सामाजिक विकासमन्त्री माननीय दलबहादुर रावल उपस्थित हुनु भएको थियो । त्यसैगरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका सचिव चन्द्रकुमार घिमिरे, प्रदेश सरकार सामाजिक विकास मन्त्रालयका सचिवहरु तथा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उच्च पदस्थ कर्मचारीहरुको पनि सहभागिता रहेको थियो ।

